# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले देशको शोधनान्तर स्थितिको वास्तविक तथ्याङ्क प्रकाशनका लागि सरोकारवाला सबै निकायहरूबाट शोधनान्तर सम्बन्धी सत्य, स्पष्ट र वर्गीकृत तथ्याङ्क समयमै प्राप्त हुनु आवश्यक रहेको बताउनुभएको छ ।

नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रले पुस ५ गते काठमाडौंमा आयोजना गरेको "Balance of Payment and Foreign Exchange Reserve" विषयक कार्यशालामा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. खतिवडाले तथ्याङ्कको प्रयोजन केवल प्रकाशन गर्ने मात्र नभई यो वित्त तथा मौद्रिक नीति निर्माणको महत्वपूर्ण आधार समेत भएकोले निर्दिष्ट तथ्याङ्क केन्द्रीय बैंकलाई समयमै उपलब्ध गराउन सरोकारवाला सबैलाई निर्देशन दिनुभयो ।

पछिल्लो समयमा वैदेशिक व्यापार घाटा बढ्दै गएको कारण नेपालको शोधनान्तर स्थिति ऋणात्मक रहेको चर्चा गर्दै उहाँले शोधनान्तर तथ्याङ्कमा पहिचान नभएका र Error of Omission को मात्रा बढ्दै जानु चिन्ताको विषय भएको बताउनुभयो । यसमा सुधार ल्याउन तथ्याङ्क उपलब्ध गराउने निकायहरूले जिम्मेवार भई स्पष्ट र वर्गीकृत रुपमा तथ्याङ्क पठाउनुपर्ने उहाँको धारणा थियो ।




नेपाल राष्ट्र बैंकका सञ्चालक प्रा. डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिनाको अध्यक्षतामा सञ्चालित कार्यशालाको व्यावसायिक सत्रमा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले वैदेशिक व्यापारका विभिन्न आयामहरू विषयमा, विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक श्री चिन्तामणि सिवाकोटीले विदेशी विनिमय सञ्चिति व्यवस्थापन विषयमा र अनुसन्धान विभागका उप-निर्देशक श्री रोशन सिग्देलले शोधनान्तर तथ्याङ्क विषयमा प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि छलफल भएको थियो ।

कार्यशालामा नेपाल राष्ट्र बैंक र नेपाल उद्योग वाणिज्य महासंघ लगायत विभिन्न बैंक तथा वित्तीय संस्थामा विदेशी विनिमय र शोधनान्तर तथ्याङ्क सम्बन्धी कार्य गर्ने ५० जना अधिकृतहरूको सहभागिता रहेको थियो ।

गभर्नरको कार्यालय